# बगनासकाली गाउपालिकाको घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७४

**प्रस्तावना :**

स्थानीय स्तरको विकास निर्माणमा निजिक्षेत्रको ज्ञान र विषेशज्ञतालाई उपयोग गर्न तथा सार्वजनिक खरिदको मुलभूत विशेषताहरुलाई अक्षुण राखी सार्वजनिक निर्माणको क्षेत्रमा पारदर्शिता, स्वच्छता, इमान्दारीता, जवाफदेहीता, विश्वसनियता तथा भेदभाव रहित प्रतिस्पर्धा तथा श्रोत साधनको उच्चतम उपयोग जस्ता उद्धेश्यहरु हासिल गर्न सार्वजनिक निर्माणमा निजी क्षेत्रको सहज पहुचको लागि स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा २ को छ (१०) ले दिएको अधिकार प्रयोग गरी बगनासकाली गाउँ पालिकाले यो कार्यविधि जारी गरेको छ ।

**(१) इजाजतपत्र प्राप्त नगरी सार्वजनिक निर्माण कार्य गर्न नहुने :**

प्रचलित कानूनमा अन्यथा व्यवस्था भएको बाहेक यस कार्यविधि बमोजिम इजाजतपत्र प्राप्त नगरी "घ" वर्गको निर्माण व्यवसायीको नामबाट कसैले पनि सार्वजनिक निर्माण कार्य गर्न गराउन हुदैन ।

**(२) नयाँ इजाजतपत्र सम्वन्धी व्यवस्था :**

(१) सार्वजनिक निर्माण कार्य गर्न चाहने निर्माण व्यवसायीले अनुसूची-१ बमोजिमको ढाँचामा सार्वजनिक निर्माण कार्य गर्न इजाजत पत्रको लागि यस बगनासकाली गाउँपालिकाको कार्यालयमा प्रमूख प्रशासकीय अधिकृत समक्ष दरखास्त दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम पर्न आएका दरखास्तहरु प्रमूख प्रशासकीय अधिकृतले अनुसूची-५ वमोजिमको योग्यता भए/नभएको सम्वन्धमा सिभिल इन्जिनीयर/सव इन्जिनीयर सहित सदस्य भएको समितिवाट जाँचवुझ गराउनु पर्नेछ ।

(३) दफा (२) को उपदफा (२) अनुसारको समितिले गरेको सिफारिस सहित प्रमूख प्रशासकीय अधिकृतले इजाजतपत्र प्रदान गर्ने निर्णयका लागि कार्यपालिकाको वैठकमा पेश गर्नुपर्ने छ ।

(४) उपदफा (२) बमोजिम समितिको सिफारिस सहित न्यूनतम योग्यता पुगेका निर्माण व्यवसायी फर्म/कम्पनीहरुको इजाजतपत्र कार्यपालिकाको निर्णय वमोजिम बगनासकाली गाउँपालिकाको प्रमूख प्रशासकीय अधिकृतले इजाजत पत्र बापत अनुसूची-२ बमोजिमको दस्तुर लिई निजलाई अनुसूची-३ बमोजिमको ढाँचामा इजाजत पत्र प्रदान गर्नेछ ।

**(३) इजाजत पत्रको अवधि र नवीकरण :**

(१) दफा २ बमोजिम प्रदान गरिएको इजाजत पत्र दफा ४ बमोजिम खारेज भएको वा प्रचलित कानूनमा अन्यथा व्यवस्था भएको अबस्थामा बाहेक चालु आर्थिक वर्षको अन्त्यसम्म मात्र मान्य रहनेछ ।

(२) उपदफा (१) बमोजिम इजाजत पत्रको अवधि समाप्त भएका प्रत्येक निर्माण व्यवसायीले इजाजत पत्रको अवधि समाप्त भएको ३ महिना भित्र प्रचलित कानून बमोजिम संघ, प्रदेश र स्थानीय तहलाई तिर्नुपर्ने कर तिरी सकेको प्रमाण स्वरुप सम्बन्धित संघीय/प्रदेश/स्थानीय कर कार्यालयबाट प्राप्त करचुक्ता प्रमाण पत्र तथा फर्म वा कम्पनीको दर्ता नविकरण सहित सम्वन्धित गाउँ पालिकावाट अनुसूची - २ वमोजिमको दस्तुर तिरी नविकरण गराउनु पर्नेछ । इजाजत पत्र नविकरण गर्न गाउँपालिकामा कागजात पेश गर्दा अनुसूची-४ वमोजिमको पास बुक भरी अघिल्लो आर्थिक वर्षको सो फर्म वा कम्पनीले आफुले गरेको कार्यहरुको अद्यावधिक विवरण समेत पेश गर्नु पर्ने छ । यसरी अनुसूची-४ वमोजिमको पासबुक विवरण अद्यावधिक नगर्ने फर्म वा कम्पनीको इजाजत पत्र नविकरण गर्न गाउँपालिका वाध्य हुनेछैन ।

(३) उपदफा (२) बमोजिमको म्याद नाघेको छ महिना भित्र सबै प्रकृया पुरा गरी इजाजत पत्र नवीकरण गराउन चाहने निर्माण व्यवसायीले नविकरण गर्न मग गरेमा अनुसूची-२ बमोजिमको थप दस्तुर लिई प्रमुख प्रशासकीय अधिकृतले इजाजत पत्र नवीकरण गरिदिनेछ ।

४) **इजाजत पत्रको खारेजी :**

(१) देहायको अवस्थामा गाउँपालिकाले निर्माण व्यवसायीको इजाजत पत्र खारेज गर्न सक्नेछ :

(क) झुट्ठा विवरण पेश गरी इजाजतपत्र प्राप्त गरेको प्रमाणित भएमा ।

(ख) सार्वजनिक निर्माण कार्य गर्ने वा गर्न पाउने उद्देश्यले नेपाल सरकार तथा संगठित संस्थामा झुट्ठा विवरण पेश गरको सम्वन्धित निकायवाट लेखि आएमा ।

(ग) सार्वजनिक निकायसंग भएको सम्झौता बमोजिम कार्य सम्पन्न नगरेको वा सम्झौताको गम्भिर उल्लंघन भएको सम्वन्धित निकायवाट लेखि आएमा ।

(२) उपदफा (१) बमोजिम इजाजत पत्र खारेज गर्नु अघि सम्बन्धित निर्माण व्यवसायीलाई स्पष्टीकरण पेश गर्न मनासिव माफिकको मौका दिइने छ ।

(३) दफा ३ को उपदफा (३)बमोजिमको म्यादभित्र नवीकरण नभएको इजाजतपत्र स्वतः खारेज हुनेछ ।

(४) उपदफा (१) वा (३) बमोजिम इजाजतपत्र खारेज भएकोमा गाउँपालिकाले त्यसको जानकारी सम्बन्धित फर्म वा व्यक्ति वा कम्पनी दर्ता गर्ने कार्यालयलाई दिनेछ ।

**५) इजाजत पत्रको प्रतिलिपी दिने व्यवस्था :**

कुनै निर्माण व्यवसायीले इजाजतपत्र हराए वा नासिएको कारणबाट इजाजतपत्रको प्रतिलिपी पाउन निवेदन गरेमा अनुसूची-२ बमोजिमको दस्तुर लिई इजाजत पत्रको प्रतिलिपी दिनु पर्नेछ ।

६) **प्रचलित कानून बमोजिम हुने :**
यस कार्यविधिमा लेखिए जति यसै बमोजिम र अन्यको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

७) **बचाउः**
यस अघि प्रचलित कानून बमोजिम दर्ता भएका ठेक्का वन्दोवस्ती सम्बन्धी फर्म तथा कम्पनीहरुलाई दिइएको इजाजतपत्रहरु यसै कार्यविधि बमोजिम दिइएको मानिनेछ ।

अनुसूची-१

कार्यविधिको दफा २ को उपदफा (१) सँग सम्वन्धित

**इजाजतपत्रको लागि दिइने दस्खास्त**

| दरखास्त वालाको फोटो |
|---|

**बिषय :- इजाजत पत्र पाउ भन्ने वारे**

श्री बगनासकाली गाउँ कार्यपालिकाको कार्यालय,
चिर्तुङ्गधारा, पाल्पा ।

यस . . . . . . . कार्यालयको कार्यविधि . . . . बमोजिम सार्वजनिक निर्माण कार्य गर्नको लागि इजाजत पत्र पाउन निम्न बिवरण भरी यो दरखास्त पेश गरिएको छ ।

१. दरखास्त पेश गर्ने फर्म वा कम्पनीको -
नाम :-
ठेगाना :-
पोष्ट बक्स :-
टेलिफोन नं. :- फ्याक्स नं.:- इमेल :-

२. फर्म वा कम्पनीको प्रकृति : (कोष्ठमा रेजा लगाउनुहोस)
प्राइभेट लिमिटेड कम्पनी ( ) पब्लिक लिमिटेड कम्पनी ( )

एकलौटी ( ) साझेदारी ( )

३. सम्पर्कको लागि फर्म वा कम्पनीको आधिकारीक व्यक्तिको :-

नाम,थर :

ठेगाना : पोष्ट बक्स :

टेलिफोन नं. : फ्याक्स नं.:- ईमेल :-

४. फर्म वा कम्पनीको बिवरण :-

दर्ता नं. : दर्ता मिति :-

अधिकृत पूँजी : जारी पूँजी :

दर्ता गर्ने कार्यालयको नाम र ठेगाना :

५. ईजाजत पत्र लिन चाहेको वर्ग :- (घ) वर्ग

६. समूहीकरण हुन चाहेको समूह :-

७. आर्थिक श्रोतको विवरण :

| क्र.सं. | बिवरण | रकम | वित्तीय संस्था/बैंकको नाम |
|---|---|---|---|
| १ | स्थायी ओभरड्राफ्ट | | |
| २ | मुद्दती खाता | | |
| ३ | चल्ती खाता | | |
| ४ | बचत खाता | | |

उल्लेखित बिवरण बाहेक अन्य बिवरण भए छुट्टै पेश गर्न सकिनेछ ।

८. कामदारको बिवरण :

(क) प्राविधिक :

(ख) अप्राविधिक :

(ग) अन्य :

(प्राविधिक कर्मचारीको सर्टिफिकेट को प्रतिलिपी तथा निजको मन्जुरीनामा पेश गर्नु पर्नेछ)

९. आफ्नो स्वामित्वमा रहेको निर्माण सम्वन्धी सवारी साधन, मेशिनरी औजारको बिवरण :

१०. यस अघि सम्पन्न गरेको कामको बिवरण :

११. करचुक्ता गरेको प्रमाण कागजात :

(क)

(ख)

(ग)

यस दरखास्त फाराममा उल्लेखित सम्पूर्ण ब्यहोरा ठीक साँचो छ । भुठ्ठा ठहरे कानून बमोजिम सहुला, बुझाउला ।

निर्माण ब्यवसायीको छाप

दरखास्तवालाको-

नाम,थर :

दस्तखत :

मिति :

**द्रष्टब्य** : यस दरखास्त फारम साथ फाराममा उल्लेख भएको व्यहोरा पुष्टि गर्न सम्वन्धित कागजातको प्रमाणित प्रतिलिपी संलग्न गर्नु पर्नेछ र कार्यालयले माग गरेको बखत सक्कल कागजात पेश गर्नु पर्नेछ ।

अनुसूची-२

| क.सं. | निर्माण ब्यवसायीको वर्ग | ईजाजत पत्र दस्तुर | इजाजत पत्र नविकरण दस्तुर | इजाजत पत्र नविकरण थप दस्तुर | इजाजत पत्र नामसारी | इजाजत पत्र प्रतिलिपी दस्तुर |
|---|---|---|---|---|---|---|
| १. | **घ** | ६,०००।- | १,५००।- | ३,०००।- | ५,०००।- | ५००।- |

द्रष्टव्य :- घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि २०७४ वमोजिम दफा ३ को उपदफा (२) बमोजिम म्यादभित्र ईजाजतपत्र नवीकरण गराउदा ईजाजतपत्र नवीकरण थप दस्तुरको महलमा उल्लिखित दस्तुर मात्र तिर्नुपर्नेछ ।

**अनुसूची-३**

कार्यविधिको दफा २ को उपदफा (१) र दफा ३ को उपदफा (३) सँग सम्वन्धित

बगनासकाली गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

**चिर्तुङ्गधारा, पाल्पा**

५ नं. प्रदेश, नेपाल

इजाजत पत्र नं. : मिति :

**घ वर्ग निर्माण ब्यवसायी इजाजत पत्र ।**

**श्री** . . . . . . . . . . . . . . . . .

प्रो. . . . . . . . . . . . . . . . . .

. . . . . . . . . . . . . . . . . . . . .

निर्माण व्यवसायी ईजाजतपत्र सम्बन्धी कार्यविधि २०७४ को दफा २ को उपदफा (४) बमोजिम निर्माण व्यवसाय गर्न . . . . . . . . . . . . . . . . . . . . . स्थित कार्यालय भएको . . . . . . . . . . . . . . . . . . . . . . . . . निर्माण सेवा/कन्स्ट्रक्सन/फर्म /कम्पनी का प्रो. . . . . . .. . . . . . .लाई **घ वर्गको निर्माण व्यवसायी इजाजत पत्र** प्रदान गरिएको छ ।

इजाजतपत्र दिनेको-
दस्तखत :-
नाम :-
पद :-
मिति :-
कार्यालय :-

नियम-

१. इजाजतपत्र एक आर्थिक वर्ष श्रावण १ देखि अर्को सालको आषाढ मसान्तसम्म वहाल रहनेछ ।
२. उपदफा (१) बमोजिमको वहाल अवधि भुक्तान भएको मितिले ३ महिना भित्र उपदफा (२) बमोजिमको दस्तुर तिरी इजाजत पत्र नविकरण गराउनु पर्नेछ ।
३. उपदफा (२) बमोजिमको म्याद नाघेको इजाजतपत्र ६ महिना भित्र सबै प्रक्रिया पुरा गरी इजाजतपत्र नविकरण गराउन चाहेमा अनुसूची-२ बमोजिमको थप दस्तुर लिई इजाजत पत्र नविकरण गरिनेछ । सो पछि इजाजत पत्र स्वतः रद्द हुनेछ ।
४. निर्माण व्यवसायी इजाजतपत्र सम्वन्धि कार्यविधि, २०७४ को दफा (४) उपदफा (१) को (क) (ख) (ग) बमोजिम कार्य गरेको पाईएमा गाउँ कार्यपालिकाको कार्यालयले इजाजत पत्र खारेज गर्न सक्नेछ ।

<u>**नविकरण (रिन्यूवल) प्रयोजनार्थ**</u>

| नविकरण गरिदिने कार्यालयको नाम | नविकरण गरेको मिति | नविकरण बहाल रहने अवधि | दस्तुर बुझाएको रसिद नं./मिति | नविकरण गर्ने अधिकारीको दस्तखत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

अनुसूची -४

निर्माण व्यवसायीवाट भएका सार्वजनिक निर्माण कार्यको अभिलेख विवरण ( पासवुक)

| क.सं | आयोजनाको नाम | सार्वजनिक निकायको विवरण | संयुक्त उपक्रमको नाम (यदि भएमा) | शेयर (%) | ठेक्का विवरण | सार्वजनिक निकायको तर्फवाट हस्ताक्षर गर्ने पदाधिकारीको विवरण | समयावधि थप विवरण(यदि भएमा) | Variation को विवरण (यदि भएमा) | प्रगति विवरण | ठेक्का सम्पन्न विवरण | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | क) ठेक्का रकम | क) नाम : | क) थप समय: | क) Variation पछिको ContractAmount | क)सम्पन्न रकम : | क) अन्तिम ठेक्का रकम : | |
| | | | | | ......................... | ......................... | | | ......................... | ......................... | |
| | | | | | ख)सम्झौता मिति : | ख)पद : | क) नाम : | क) Variation को निर्णय गर्ने पदाधिकारी को नाम : | ख)सम्पन्न मिति : | ख)सम्पन्न मिति : | |
| | | | | | ................. | ................. | ......................... | ......................... | ......................... | ......................... | |
| | | | | | ग)ठेक्का अवधि | ग)हस्ताक्षर | ख)पद : | ख)पद : | ग) सम्पन्न % | | |
| | | | | | .................... | .................... | ................. | ................. | ................. | | |
| | | | | | | घ)छाप | ग)हस्ताक्षर | ग)हस्ताक्षर | घ)नाम : | घ)नाम : | |
| | | | | | | .................... | .................... | .................... | ................ | ................ | |
| | | | | | | | घ)निर्णय मिति: | घ)छाप | पद : | पद : | |
| | | | | | | | | | ................. | ................. | |
| | | | | | | | छाप | .................... | हस्ताक्षर | हस्ताक्षर | |
| | | | | | | | .................... | | .................... | .................... | |
| | | | | | | | | | छाप | छाप | |
| | | | | | | | | | | | |
| | | | | | | | | | .................... | .................... | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |

# अनुसुची-५

## “घ” वर्गको निर्माण व्यवसायीको लागि आवश्यक योग्यता

१. **आर्थिक क्षमता** : प्राईभेट वा पब्लिक लिमिटेड कम्पनी वा साझेदारी फर्मको रुपमा घटीमा पाँच लाख रुपैयाँको चालु पूँजी देखाई उद्योग विभागमा दर्ता भएको हुनु पर्नेछ ।

२. **मुख्य जनशक्ति विवरण** : मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरीङ्ग विषयमा कम्तिमा प्रमाणपत्र तह उत्तीर्ण एक जना प्राविधिक, कुनै पनि विषयमा प्रमाणपत्र तह उत्तीर्ण एक जना प्रशासनिक र वाणिज्य शास्त्र/अर्थशास्त्रमा प्रमाणपत्र तह उत्तीर्ण एक जना जनशक्तिको सेवा पूरा समय प्राप्त हुने व्यवस्था हुनु पर्नेछ ।

३. **मेशीन र उपकरण** :

(क) ट्रिपर/टयाक्टर (एक/एक थान)

(ख) मिक्सर (एक थान)

(ग) त्जभयमयष्तिभरीभखर्भा :बअजष्लभ (एक सेट)

(घ) वाटर पम्प (एक थान)

(ङ) भाइब्रेटर (एक थान)

<u>द्रष्टव्य</u> :

१. उपकरणको नामावली पेश गर्दा उपकरणको स्वामित्वको प्रमाण पत्रका साथै बीमा गरेको कागजातहरु पेश गर्नु पर्नेछ ।

२. माथि उल्लिखित यान्त्रिक उपकरणहरु ठीक अवस्थामा भएको कुरा मेकानिकल इन्जिनियरिङ विषयमा कम्तीमा स्नातक तहको शैक्षिक योग्यता भएको नेपाल ईन्जिनियर्स एशोसिएशनको सदस्यता प्राप्त मेकानिकल ईन्जिनियरले प्रमाणित गरेको हुनु पर्नेछ ।

३. माथि उल्लिखित यन्त्र उपकरणहरु दर्ता भएको मितिले घटीमा दुई वर्षसम्म बेचबिखन गर्नपाइने छैन ।

४. पन्ध्र वर्ष भन्दा बढी पुरानो यन्त्र उपकरणहरु निर्माण व्यवसायीको स्तर बृद्धि तथा नयाँ दर्ता हुने प्रयोजनको लागि मान्य हुने छैन ।

मिति : २०७८/ /

श्री . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . . .ज्यू,

बगनासकाली गाउँकार्यपालिकाको कार्यालय चिर्तुङ्गधारा, पाल्पा ।

बिषय :- “घ” वर्ग निर्माण व्यवसायी इजाजत-पत्र नविकरण गरि पाउँ ।

मेरा तपसिलमा उल्लेखित नामको “घ” वर्ग निर्माण व्यवसायी फर्म/कम्पनी निर्माण व्यवसाय सञ्चालन गर्ने इजाजत-पत्र नविकरण गर्नको लागि देहाय बमोजिमको बिवरण खुलाई स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ उपदफा (२) तथा निर्माण व्यवसायी इजाजत पत्र सम्वन्धि कार्यविधि, २०७४ बमोजिम यो निवेदन पेश गरेको छु ।

१. निर्माण व्यवसायी फर्म वा कम्पनीको-

(क) नाम :-

(ख) ठेगाना :-

(ग) पोष्ट व.नं. :-

(घ) फोन नं. :-

(ङ) इ-मेल :-

२. निर्माण व्यवसायी दर्ता गर्ने कार्यालयको-

(क) नाम :-

(ख) ठेगाना :-

३. निर्माण व्यवसायीको -

(क) प्रमाण पत्र नं. :-

(ख) दर्ता मिति :-

४. (क) इजाजत पत्र नं.-

(ख) इजाजत पत्र जारी भएको मिति :-

(ग) इजाजत पत्र जारी गर्ने कार्यालय :-

५. (क) निर्माण व्यवसायी संघको सदस्यता नं. :-

(ख) नबिकारण गरेको मिति :

६. इजाजत-पत्र नविकरण दस्तुर/जरिवाना रु. . . . . . . . . . .अक्षरुपी . . . . . . . . . . . . . . .

७. यस निवेदनमा उल्लेखित सम्पूर्ण व्यहोरा ठिक साँचो छ । झुठो ठहरे कानून बमोजिम सहुला, बुझाउला ।

निर्माण व्यवसायी/फर्म/कम्पनीको

नाम :

पद :

ठेगाना :

दस्तखत :

अनुसुची-५

## “घ” वर्गको निर्माण व्यवसायीको लागि आवश्यक योग्यता

१. **आर्थिक क्षमता** : प्राईभेट वा पब्लिक लिमिटेड कम्पनी वा साझेदारी फर्मको रुपमा घटीमा पाँच लाख रुपैयाको चालु पूँजी देखाई उद्योग विभागमा दर्ता भएको हुनु पर्नेछ ।

२. **मुख्य जनशक्ति विवरण** : मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरीङ्ग विषयमा कम्तिमा प्रमाणपत्र तह उत्तीर्ण एक जना प्राविधिक, कुनै पनि विषयमा प्रमाणपत्र तह उत्तीर्ण एक जना प्रशासनिक र वाणिज्य शास्त्र/अर्थशास्त्रमा प्रमाणपत्र तह उत्तीर्ण एक जना जनशक्तिको सेवा पूरा समय प्राप्त हुने व्यवस्था हुनु पर्नेछ ।

३. **मेशीन र उपकरण** :

(क) ट्रिपर /टयाक्टर (एक थान)

(ख) मिक्सर (एक थान)

(ग) त्जभयमयष्तिभरीभखर्भा :बअजष्लभ (एक सेट)

(घ) वाटर पम्प (एक थान)

(ङ) भाइब्रेटर (एक थान)

४. उपकरणको नामावली पेश गर्दा उपकरणको स्वामित्वको प्रमाण पत्रका साथै बीमा गरेको कागजातहरु पेश गर्नु पर्नेछ ।

५. माथि उल्लेखित यान्त्रिक उपकरणहरु ठीक अवस्थामा भएको कुरा मेकानिकल ईन्जिनियरिङ विषयमा कम्तीमा स्नातक तहको शैक्षिक योग्यता भएको नेपाल ईन्जिनियर्स एशोसिएशनको सदस्यता प्राप्त मेकानिकल ईन्जिनियरले प्रमाणित गरेको हुनु पर्नेछ ।

६. माथि उल्लिखित यन्त्र उपकरणहरु दर्ता भएको मितिले घटीमा दुई वर्षसम्म बेचबिखन गर्न पाइने छैन ।

७. पन्ध्र वर्ष भन्दा बढी पुरानो यन्त्र उपकरणहरु निर्माण व्यवसायीको स्तर बृद्धि तथा नयाँ दर्ता हुने प्रयोजनको लागि मान्य हुने छैन ।